वैठक संख्या -७ मिति २०७३/०६/१९ गते विहान ७:०० वजे

आज मिति २०७३/०६/१९ गते बुधवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री टीकादत्त राई - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उप-महानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

| | |
|---|---|
| श्री गणेशप्रसाद खतिवडा | वरिष्ठ प्रशासकिय अधिकृत |
| श्री खगेन्द्रप्रसाद खतिवडा | वरिष्ठ कर अधिकृत |
| श्री सूरज श्रेष्ठ | वरिष्ठ इन्जिनियर |
| श्री रमेश शाह | वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत |
| श्री भेषराज अधिकारी | वरिष्ठ लेखा अधिकृत |
| श्री राजु पोखरेल | इन्जिनियर |
| श्री सूनील नेपाल | सामाजिक विकास अधिकृत |

निर्णयहरु

निर्णय नं १ धरान उपमनपा क्षेत्रभित्र घरनक्सा पास तथा बाटो कायम प्रयोजनका लागि तपसील बमोजिम हुने गरी गर्ने निर्णय गरियो ।

१। चित्र नं. १ मा देखाइएको जग्गाको हकमा बाटोले भेटेको अगाडीको जग्गा कि.नं. (क) अन्य स्वतन्त्र कित्ता सरह नक्सापास गरिदिने ।




चित्र नं. १




२। चित्र नं. १ मा देखाइएको कि.नं. (ख) ले मुलबाटोलाई आफनै कित्ताले भेटेको तर मुखको कित्ता (क) भन्दा पछाडी भित्री जग्गाको प्रवेश मार्ग (नीजि जग्गाकै रुपमा रहेको) निम्नानुसार न्यूनतम चौडा भए मात्र नक्सापास गरिदिने ।

- लम्वाई ७० फिटसम्म भए ४ फिट चौडा
- लम्वाई १०० फिटसम्म भए ८ फिट चौडा
- लम्वाई १६४ फिटसम्म भए १० फिट चौडा

साथै बुदां नं. २ मा उल्लेख भए अनुसारको नीजि जग्गामा घर निर्माण गर्दा २ तलासम्म मात्र घर निर्माणको अनुमति दिने ।

३। जग्गा प्लटिङ्ग गरिएको हकमा नेपाल सरकारबाट वस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धि आधारभूत मापदण्ड २०७२ लागू हुनु पूर्व कित्ताकाट भईसकेको भए १६४ फिटसम्म लामो वाटो भए न्यूनतम १४ फिट चौडा तथा १६४ फिटभन्दा लामो भए न्यूनतम २० फिट चौडा भए मात्र नक्सापास गरिदिने

४। अंशवण्डाको हकमा नेपाल सरकारबाट वस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धि आधारभूत मापदण्ड २०७२ लागू हुनु पूर्व सगोलको जग्गा अंशवण्डा गर्दा छोडिएको वाटो निजी जग्गा सरह अर्थात बुदां नं. २ अनुसार भए मात्र नक्सापास गरिदिने

५। धरान उपमनपामा समायोजन हुनुपुर्व साविक गाविसमा निर्माण भएका भवनहरुलाई (हालको मापदण्ड अनुसार नभएको हकमा) कार्यालयको सम्बन्धित प्रकृया पुरा भएपछि भवनको अवस्था विवरण खोली अभिलेखिकरण गरि घरनक्सा पास गरिएको पत्र दिने ।

आजको वोर्ड वैठक विहान ९:३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सुचना अधिकृत,धरान उपमहा नगरपालिका